सियारी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ८ मिति : २०७७/११/२०

भाग–२

सियारी गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित


## सियारी गाउँपालिकाको महिला समूह सञ्चालन सम्बन्धि कार्यविधि, २०७७

**प्रस्तावना :**

सामुहिक प्रयासबाट महिलाको हित प्रवर्द्धन गर्न, महिलाको सामाजिक तथा आर्थिक विकास, महिलाको आयआर्जनमा वृद्धि गर्न, महिलाहरुको हक, हितको रक्षा गर्न, राज्य संयन्त्रप्रति महिलाहरुको पँहुच स्थापीत गर्न, समग्र महिलाहरुको उत्थान गरी समतामुलक समाजको निर्माण गर्न महिलाहरु मात्र सदस्य रहने गरी एक टोल विकास संस्था, एक महिला समूह गठन गरी वडा समितिको अधिनमा रहने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मर्म अनुरुप स्थानीय सेवाको अधिकतम उपयोग गर्न सियारी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. सक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम “सियारी गाउँपालिकाको महिला समूह सञ्चालन सम्बन्धि कार्यविधि, २०७७” रहको छ ।

(२) कार्यपालिकाबाट स्विकृत भएको मिति देखि यो कार्यविधि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “अध्यक्ष” भन्नाले सियारी गाउँपालिकाको अध्यक्षलाई जनाउँछ ।

(ख) “वडाध्यक्ष” भन्नाले सियारी गाउँपालिकाको वडाध्यक्षलाई जनाउँछ ,

(ग) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले सियारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(घ) “महिला” भन्नाले सियारी गाउँपालिकाको २० वर्ष उमेर पुरा भएका ६० वर्ष ननाघेका वयस्क एवं विवाहित महिलालाई जनाउँछ । सो शब्दले एकल महिला समेतलाई जनाउँछ ।

(ङ) “गाउँपालिका” भन्नाले सियारी गाउँपालिकालाई जनाउँछ ।

(च) “कार्यपालिका” भन्नाले सियारी गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ ।

**३. उद्देश्य :** महिला समूह सञ्चालनको मुख्य उद्धेश्य देहाय बमोजिम रहनेछन् ।

(क) विभिन्न निकायबाट प्रवाह गरीने सेवामा महिलाको पँहुच अभिवृद्धि गर्न ।

(ख) महिलाहरुलाई आफ्ना हक हित र अधिकारका विषयमा जागरुक गराउने ।

(ग) विभिन्न निकायबाट सञ्चालन हुने विकास क्रियाकलापमा महिलाको सहभागिता सुनिश्चित गर्ने ।

(घ) निर्णय प्रक्रियामा महिलालाई समान अवसर र अधिकार प्रदान गर्ने ।

(ङ) महिला समूहलाई वडा समितिको मातहतमा रहने गरी सहभागगितामुलक योजना तर्जुमा, अनुगमन तथा मुल्याकंनमा सहभागी गराउने ।

(च) सामाजिक विकृती विसङ्गती, कुरीति अन्धविश्वास, लैङ्गिक विभेद, सामाजिक अपहेलना विरुद्ध आवाज उठाउन जागरुक गराउने,

(छ) महिलाको सामाजिक सास्कृतीक आर्थिक, शैक्षिक, लैङ्गिक तथा विविध क्षेत्रमा हुने कमजोर उपस्थितिलाई पुरुष सरह पँहुचयोग्य बनाई समतामुलक समाजको निर्माणमा सहयोग पुऱ्याउने ।

(ज) महिला अधिकारमैत्री गाउँपालिकाको रुपमा पहिचान स्थापीत गर्ने ।

(झ) महिलामैत्री लक्षित कार्यक्रम तय गर्ने ।

**४. टोल विकास संस्थास्तरीय महिला समूह गठनः**

(१) गाउँपालिकाको प्रत्येक टोल विकास संस्थामा महिला मात्र रहने गरी सात देखि एघार सदस्य सहितको एक महिला समूह गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने महिला समूहमा वडाका जनप्रतिनिधि, टोलविकास संस्थाका पदाधिकारी तथा वडाबासीहरुको भेलाबाट अध्यक्ष तथा सदस्यहरु रहेको एक महिला समूह सञ्चालन समिति गठन हुनेछ ।

(३) उपदफा (२) बमोजिम गठन हुने महिला समूह सञ्चालन समितिका पदाधिकारीहरुले सहमतिका आधारमा प्रत्येक दुई वर्षमा आफू पदाधिकार रहेको पद हेरफेर गर्न सक्नेछन्।

(४) महिला समूह सञ्चालन समितिले टोल विकास संस्था, वडा समिति तथा गाउँपालिकासँग योजना निर्माण तथा कार्यान्वयन, कार्यक्रम सञ्चालनमा सहजकर्ता तथा समन्वयकारी भूमिका निर्वाह गर्नेछन् ।

**५. वडास्तरीय महिला समूह सञ्चालन समिति गठन :**

(१) वडाभित्र प्रत्येक टोल विकास संस्थाका महिला समूह सञ्चालन समितिको अध्यक्ष रहेको एक वडास्तरीय महिला समूह सञ्चालन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको महिला समूह सञ्चालन समितीमा सहमतीका आधारमा अध्यक्ष तथा सदस्यहरु रहनेछन् ।

(३) उपदफा (१) बमोजिमको समितिको सचिवको रुपमा वडा सचिव रहनेछन् ।

## ६. वडास्तरीय महिला समूह सञ्चालन समितिको काम तथा कर्तव्य

(१) वडा स्तरीय महिला समूह सञ्चालन समितिले देहायका कार्य गर्नेछ :

(क) महिलाका सबालहरुका विषयमा वडासमितिलाई आवश्यक सुझाव सल्लाह प्रदान गर्ने,

(ख) महिला हित हुने खालका कार्यक्रम तथा योजनाहरु माग गर्ने तथा विकास निर्माणमा वडा समिति प्रति समन्वयकारी, सहजकारी भूमिका निर्वाह गर्नेछन्।

(ग) वडाका प्रत्येक टोलहरुमा रहेका सबालहरु, विकृती तथा विसङ्गतीका विषयहरुमा घनिभूत छलफल गरी निराकरणका लागि वडासमक्ष सुझाव तथा सल्लाह दिने,

(घ) टोलमा हुने कुनै पनि प्रकारको आपराधिक घटनाका विषयमा सत्य तथा तथ्य सहित वडा तथा सम्बन्धित निकायमा जानकारी गराउने,

(ङ) सभ्य, सुसस्कृत तथा नमुना टोल निर्माणका लागि उपाय खोजि गरी लागू गर्ने,

## ७. गाउँपालिका स्तरीय महिला समूह सञ्चालन समिति गठन :

(१) महिलाको आर्थिक, सामाजिक, लैङ्गिक, सास्कृतीक, मनोवैज्ञानिक एवं समग्र क्षेत्रमा समन्वयकारी भूमिका निर्वाह गर्न एक गाउँपालिका स्तरीय महिला समूह सञ्चालन समिति गठन गरीनेछ । जसमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन् ।

(क) गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिका सदस्यमध्य एक जना महिला : अध्यक्ष

(ख) वडास्तरीय महिला समूह सञ्चालन समितिका अध्यक्ष : सदस्य

(ग) स्थानीय सहकारीका महिला एक जना : सदस्य

(घ) माध्यामिक तहका महिला शिक्षक एक जना : सदस्य

(ङ) गैरसरकारी संस्थाका महिला प्रतिनिधि एक जना : सदस्य

(च) विभिन्न राजनितीक दलको प्रतिनिधित्व गर्ने प्रतिनिधि दुइ जना : सदस्य

(छ) सामाजिक विकास शाखा प्रमुख : सदस्य-सचिव

**८. गाउँपालिकास्तरीय महिला समूह सञ्चालन समितिको काम र कर्तव्य :** गाउँपालिकामा गठन हुने महिला समूह सञ्चालन समितिले देहायका कार्यहरु गर्नेछन् :

(क) महिला अधिकार, महिलाका विविध सबालहरुका विषयमा उचित नीति तथा रणनीति तय गर्न गाउँपालिकालाई सुझाव तथा सल्लाह दिने,

(ख) नमुना टोलस्तरीय महिला समूह पहिचान गरी पुरस्कृत गर्नका लागि गाउँपालिकालाई सिफारीस गर्ने,

(ग) महिलाहरुमा सचेतना वृद्धि गर्न आवश्यक पर्ने कार्यक्रम तथा योजना तय गरी गाउँपालिकालाई सिफारीस गर्ने,

(घ) महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको सुनिश्चितता गर्न गाउँपालिकालाई आवश्यक सुझाव सल्लाह दिने,

(ङ) महिला विरुद्द धार्मिक, सामाजिक, सास्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा

शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने,

(च) महिला अधिकारमैत्री गाउँपालिका निर्माणमा आवश्यक पहल गर्ने,

(छ) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्न पहल गर्ने ।

**९. महिला समूह सूचिकृत हुनुपर्ने :**

(१) प्रत्येक टोलमा गठन हुने महिला समूह गाउँपालिकाको महिला शाखामा सुचिकृत हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचिकृत हुनको लागि महिला समूहले वडाको सिफारीस सहित पेश गर्ने निवेदनको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ ।

(३) महिला समूह सञ्चालन समितिबाट निर्णय भई दर्ताको लागि निवेदन पेश गरेमा गाउँपालिकाले अनुसूची-२ बमोजिम महिला समूह दर्ता प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

(४) कुनै महिला समूहले यस कार्यविधिको उद्देश्य विपरीत कार्य गरेमा वा प्रचलित कानुन बमोजिम गर्न नहुने कार्य गरेमा गाउँपालिकाले जुनसुकै बखत त्यस्तो समूह खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नँया महिला समूह गठन हुनेछ ।

**१०. एक टोल विकास संस्था एक महिला समूह हुने :** प्रत्येक टोल विकास संस्थामा एक भन्दा बढी महिला समूह रहने छैनन् ।

**११. पुरस्कृत गर्ने :** उत्कृष्ट कार्य गरी नमुनाको रुपमा विकास हुने महिला समूहलाई गाउँपालिकाले उपयुक्त अवसरमा पुरस्कृत गर्न सक्नेछ ।

**१२. महिला समूहको काम :** टोल विकास संस्थामा गठन हुने महिला समूहले देहाय बमोजिमको कार्य गर्नेछन् ।

(क) सियारी गाउँपालिकाको सामाजिक तथा व्यवहारीक ऐनहरुको प्रभावकारी कार्यान्वयन गर्ने,

(ख) सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको सुमधुर सम्बन्ध स्थापीत गरी महिला समूहको उत्थानमा सहजीकरण गर्ने,

(ग) गाउँपालिका तथा वडाबाट सञ्चालित योजनामा सक्रिय सहभागिता जनाउने ।

(घ) एच.आई.भि. एड्स, अन्धविश्वाश, कुरीति, रजस्वला हुँदा अछुत हुने प्रथा, बाल विवाह, बहुविवाह, जस्ता सामाजिक समस्या, विकृती, विसङ्गतीको पहिचान गरी सुधारका प्रयासहरु गर्ने,

(ङ) धुम्रपान तथा मद्यपान निषेध गर्ने, जुवातास, कौडा लगायतका खेलकुदहरु बन्द गरी नमुना गाउँको रुपमा स्थापीत गर्दै लैजाने ।

(च) टोलमा महिला सचेतनामुलक कार्यक्रम सञ्चालन गरी सभ्य, सुसस्कृत टोल समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने,

(छ) समानतामा आधारीत पँहुच, समतामुलक समाज निर्माणमा जोड दिई महिला अधिकारका विषयहरुप्रति सचेत एवं चनाखो हुने,

(ज) होमस्टेको सुरुवात गरी आफ्नो रितिरिवाज, संस्कृतीको प्रदर्शन मार्फत आन्तरीक तथा वाह्य पर्यटन प्रवर्द्धनमा सहयोग पऱ्याउने,

## १३. नाम जुराउनुपर्ने :

(१) यस कार्यविधि बमोजिम गठन हुने टोल विकासस्तरीय महिला समूहको नाम सोही महिला समूहको निर्णय अनुसार जुराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जुराइएको महिला समूहको नाम गाउँपालिकामा दर्ता गर्ने क्रममा दर्ता भईसकेका अन्य महिला समूहको नामसँग बाझिएमा वा एउटै पर्न गएमा दर्ता हुन आएको नँया महिला समूहले पुनः निर्णय गरी एउटै नाम नपर्ने गरी अर्को नाम जुराई दर्ता गराउनुपर्नेछ ।

## १४. विविधः

(१) यो कार्यविधि प्रचलित संघ, प्रदेश तथा सियारी गाउँपालिकाले बनाएको कानुनसँग बाझिएमा बाझिएको हदसम्म बाझिएका बुँदाहरु स्वतः खारेज हुनेछन् ।

(२) यो कार्यविधि कायान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँपालिकाको कार्यपालिकाको निर्णय अनुसार अध्यक्षबाट बाधा अड्काउ फुकाउ गरिनेछ ।

अनुसूची १

(दफा ९ को उपदफा २ सँग सम्बन्धित)

## महिला समूहलाई गाउँपालिकामा दर्ता गर्ने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
सियारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
हर्नैया, रुपन्देही

**विषय : महिला समूह दर्ता गरि पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा यस सियारी गाउँपालिका वडा नं. ........को ................ ....................टोल विकास संस्थामा गठन गरिएको तपसिल बमोजिम पदाधिकारीहरु रहेको ................... .............. महिला समूहलाई यस गाउँपालिका कार्यालयमा दर्ता/सूचीकृत गरी महिला समूह प्रमाण उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

**तपसिल**

| सि.नं. | नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |

**(नोटः महिला समूह दर्ता गर्न आवश्यक कागजातहरु :** भेलाको निर्णय, वडा सिफारीस, टोल विकास संस्थाको प्रमाणपत्रको प्रतिलिपि, महिला समूहलाई गाउँपालिकामा दर्ता गर्ने निवेदन) निवेदकः अध्यक्षको नाम , महिला समूहको नाम ठेगाना )

अनुसूची २

(दफा ९ को उपदफा ३ सँग सम्बन्धित)

**महिला समूहको दर्ता प्रमाण पत्रको ढाँचा**

सियारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्नैया, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

दर्ता नं. ............ दर्ता मिति :.......................

प्रमाणपत्र

सियारी गाउँपालिकाको महिला समूह सञ्चालन सम्बन्धि कार्यविधि, २०७७ दफा ९ को उपदफा ३ बमोजिम सियारी गाउँपालिका वडा न. .... मा गठित श्री .................. ......................................... महिला समूहलाई यस गाउँपालिकामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण पत्र प्रदान गरिएको छ ।

प्रमाणित गर्ने अधिकारीको
दस्तखत :
नाम :
पद :
मिति :

**प्रमाणिकरण मिति : २०७७/११/२०**

**आज्ञाले**
**मिन प्रसाद भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**